# डोल्पा जिल्लामा महिला सहभागिता : २०७४ को स्थानीय तहको निर्वाचनको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय
अन्तर्गत राजनीतिशास्त्र विषयमा स्नातकोत्तर तह (एम.ए.)
दोस्रो वर्षको दशौं पत्रको आवश्यकता परिपूर्तिका
लागि पृथ्वीनारायण क्याम्पस, राजनीतिशास्त्र
विभाग, पोखरामा प्रस्तुत

## शोधपत्र


प्रस्तुतकर्ता

हरि प्रसाद शर्मा

स्नातकोत्तर दोस्रो वर्ष

परीक्षा रोल नं. : ९५७००२४ (प्राइभेट)

त्रि.वि. दर्ता नं. : १६९३१-८९


चैत्र, २०७४


डोल्पा जिल्लामा महिला सहभागिता : २०७४ को स्थानीय तहको निर्वाचनको अध्ययन    शोधपत्र    हरि प्रसाद शर्मा    २०७४

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**पृथ्वीनारायण क्याम्पस**

**राजनीतिशास्त्र विभाग, पोखरा**

## शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र, सङ्काय अन्तर्गत, राजनीतिशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता पुरा गर्नको निम्ति त्रिभुवन विश्वविद्यालयका प्राइभेट विद्यार्थी हरि प्रसाद शर्माले **डोल्पा जिल्लामा महिला सहभागिता : २०७४ को स्थानीय तहको निर्वाचनको अध्ययन** शीर्षकको शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा रही तयार पार्नु भएको हो । निकै मिहिनेत गरी तयार गरिएको यो शोधकार्यदेखि म पूर्ण रुपमा सन्तुष्ट छु र शोधपत्रको आवश्यक मूल्याङ्नको लागि त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, राजनीतिशास्त्र विभाग समक्ष सिफारिस गर्दछु ।

मिति : २०७४/१२/२९

अप्रिल १२, २०१८

....................................

कृष्णप्रसाद तिमिल्सिना

उप-प्राध्यापक

शोध निर्देशक

पृथ्वी नारायण क्याम्पस,

पोखरा

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**पृथ्वीनारायण क्याम्पस**

**राजनीतिशास्त्र विभाग, पोखरा**

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, राजनीतिशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तहको आंशिक आवश्यकता पुरा गर्नको निम्ति मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत त्रिभुवन विश्वविद्यालयका प्राइभेट विद्यार्थी हरि प्रसाद शर्माले **डोल्पा जिल्लामा महिला सहभागिता : २०७४ को स्थानीय तहको निर्वाचनको अध्ययन** शीर्षकको शोधपत्र स्नातकोत्तर उपाधिका लागि उपयुक्त देखिएकाले स्वीकृति प्रदान गरिएको छ ।

| **शोधपत्र मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| १. **सह-प्रा. डा. उमानाथ बराल**<br>(विभागीय प्रमुख) | ........................... |
| २. **उप-प्रा. भीमनाथ बराल**.<br>(शोध विशेषज्ञ) | ........................... |
| ३. **उप-प्रा. कृष्णप्रसाद तिमिल्सिना**<br>(शोध निर्देशक) | ........................... |

मिति : २०७५/०१/०९

अप्रिल २२, २०१८

# कृतज्ञता

प्रस्तुत **डोल्पा जिल्लामा महिला सहभागिता : २०७४ को स्थानीय तहको निर्वाचनको अध्ययन** शीर्षको शोधपत्र त्रिभुवन विश्ववविद्यालय, मनविकी तथा सामाजिकशास्त्र सङ्कायतर्फ राजनीतिशास्त्र विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक परिपूर्तिका लागि तयार पारिएको हो । यही विषयका आधारमा डोल्पा जिल्लाका महिलाहरुको स्थानीय सहभागिताको अवस्था बारे स्पष्ट हुने गरी सरल र सहज ढंगबाट सबैले बुझ्ने गरी यो शोध पत्रमा तयार गरेको छु । यस अध्ययनबाट डोल्पा जिल्लाको स्थानीय तहमा महिला सहभागिताका बारेमा जान्न बुझ्न खोज्ने पाठकवर्ग, खोज अनुसन्धान कर्ता र राजनीतिज्ञहरुलाई केही मात्रामा भए पनि सहयोग पुग्ने छ भन्ने आशा लिएको छु ।

प्रस्तुत अध्ययनका लागि आवश्यक राय, सुझाव र सल्लाह प्रदान गर्नुहुने आदरणीय गुरु एवम् शोध निर्देशक श्री कृष्णप्रसाद तिमिल्सिनाज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु, अमूल्य सहयोग प्रदान गरी यो शोधपत्रलाई  सहयोग प्रदान गरी परिष्कृत र परिमाजर्न गर्ने कार्यमा विशेष भूमिका प्रदान गर्नु भएकोमा उहाँप्रति म सदा ऋणि छु । विषय चयनदेखि शोध प्रस्ताव स्वीकृत गरी आवश्यक सहयोग र सुझाव प्रदान गर्नु हुने आदरणीय गुरु एवम् विभागीय प्रमुख डा. उमानाथ बरालज्यूप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यसै गरी शोध शीर्षक चयनदेखि शोध कार्य सम्पन्न गर्नका लागि रचनात्मक सहयोग र सुझाव प्रदान गर्नु हुने त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, पृथ्वीनारायण क्याम्पसका आदरणीय गुरुहरुप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । साथै यस अध्ययनका लागि सामग्री सङ्कलनमा सहयोग प्रदान गर्ने डोल्पा जिल्लाका विभिन्न स्थानयि निकायका जनप्रतिनिधिज्यूहरुप्रति पनि हार्दिक धन्यवाद दिन चाहन्छु । साथै शोधको उदेश्य बमोजिम मुख्य सूचनादाताका रुपमा रहनुभएका सामाजिक महिला अभियन्ताज्यूहरु प्रति हृदयदेखिनै धन्यवाद दिन चाहन्छू ।

२०७५/०१/०९ गते सम्पन्न मौखिक परीक्षामा महत्वपूर्ण सुझावहरु प्रदान गर्नुहुने आदरणीय बाह्य निरिक्षक भीमनाथ बरालज्यू तथा उक्त परीक्षामा संलग्न अन्य विभागीय गुरुहरुप्रति हार्दिक आभार व्यक्त गर्दै उहाँहरुबाट प्राप्त सुझावहरु समेटी परिमार्जित कपि तयार गरिएको छ ।

मिति : २०७४/१२/२९ — हरि प्रसाद शर्मा

अप्रिल १२, २०१८ — प्रस्तुतकर्ता

# शोधसार

नेपालमा महिलाको राजनीतिक सहभागिताका सन्दर्भमा निकै बहस पैरवी हुने गरेको पाइन्छ । विश्वका विभिन्न मुलुकमा जस्तै नेपालमा पनि आधा आकाश ओगट्ने महिलाको स्थिति हरेक क्षेत्रमा पिछडिएको छ । राजनीतिक क्षेत्रमा पनि महिलाको सहभागिता अत्यन्त न्यून रहेको कुरा तथ्याङ्कले देखाउँछ । राजनीतिमा महिला सहभागिता भन्नाले राजनीतिको हरेक तह र पदमा महिलाको सहभागिता भन्ने बुझिन्छ । राजनीतिमा महिला सहभागिताको अध्ययन गर्नुभन्दा पहिला र राजनीति भनेको के हो भन्ने अवधारणा बुझ्नु आवश्यक छ ।

राजनीतिमा महिलाहरूको प्रवेश पुरुषको तुलनामा न्यून छ । कुल जनसंख्याको आधा भन्दा बढी जनसंख्या ओगटेका महिलाहरू राजनीतिमा न्यून रहेका छन् । प्रतिनिधिमूलक राजनीतिको अवधारणाले अन्य पक्षका साथसाथै महिला र पुरुषबीचको लैङ्गिक अनुपात समतामूलक हुनु पर्ने कुराको वकालत गर्दछ ।

२०४६ सालपछि तुलनात्मक रूपमा महिलाको परम्परागत भूमिकामा केही परिवर्तन आए तापनि आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक भूमिकामा प्राप्त सीमित अवसर र अधिकारका कारण अझै पनि पुरुषको तुलनामा महिलाहरूको स्थिति सन्तोषजनक भने छैन । राजनीतिक नेतृत्वदायी भूमिकामा महिलाको उपस्थिति देखावटी मात्र भएको छ । राजनीतिमा महिला सहभागिता बनाउने कानुन निर्माण भए पनि व्यवहारमा लागु हुन सकेको छैन । महिलाहरूको वि द्यमान अवस्थामा सुधार गर्नको लागि बनाइएका कार्यक्रमहरूले पनि त्यति प्रभावकारी भूमिका खेल्न सकिरहेका छैनन् ।

नेपालको संविधान २०७२ ले मुलुकलाई लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रूपमा स्थापित गरेको छ । यसले सबै नागरिकहरूका हक अधिकारलाई सुनिश्चित गरेको छ । राज्य औपचारिक रूपमा सात प्रदेश र सात सय त्रिपन्न स्थानीय निकायमा विभाजित भएको छ । राज्यका हरेक तहमा समानुपातिक र समावेशी प्रतिनिधित्वको प्रावधान राखिएको छ । मुलुकमा विद्यमान लामो समयदेखिको अन्योल र अस्थिरताको अन्त्य भएको छ । शान्ति र स्थीरताको मार्गमा मुलुक अगाडि बढ्न लागेको सङ्केत देखिएको छ । केन्द्रका अधिकारहरू प्रदेश र स्थानीय निकायमा प्रत्यायोजन भएका छन् । संविधान कार्यान्वयनको सिलसिलामा स्थानीय निकायको निर्वाचन सम्पन्न भएको छ भने संघ र प्रदेशको निर्वाचन समेत समन्वय गरी केन्द्रदेखि स्थानीय तहसम्म सरकारको गठन भैसकेको छ । सामाजिक, सांस्कृतिक र राजनीतिक रूपमा पछाडि परेका महिला वर्ग पनि संवैधानिक व्यवस्था अनुरूप राज्यका उच्च ओहदामा पुग्न सफल भएका छन् । स्थानीय निकायमा

समेत महिलाको बलियो उपस्थिति रहेको छ । अतः महिला सहभागिताले स्थानीय निकायको विकास र परिवर्तनमा कस्तो भूमिका निर्वाह गर्न सक्छ ? भन्ने जिज्ञासा नै यस शोधको प्रमुख विषय हुनेछ ।

स्थानीय निकायमा महिला सहभागिताको अवस्था पहिचान गर्नु प्रस्तुत शोधको मुख्य उद्देश्य हो । शासन व्यवस्थामा महिलाको सहभागिता स्वयम्मा महत्वपूर्ण विषय हो । एकातर्फ विश्वमा लोकतान्त्रिक शासन व्यवस्थाको लोकप्रियता बढ्दै गइरहेका छ भने अर्को तर्फ अधिकांश मुलुकहरुको सन्दर्भमा हेर्ने हो । शासनमा महिला सहभागिता अत्यन्तै न्यून देखिन्छ । त्यसमा पनि समावेशी सिद्धान्त अनुसार लोकतान्त्रिक शासन व्यवस्थाको अभ्यास गरिरहेको सन्दर्भमा नेपालको शासन प्रणालीमा महिला सहभागिताको वास्तविक पुष्टि हुन सकेको देखिदैना । अझ विभिन्न आरक्षणका बाबजुद पनि पिछडिएका क्षेत्रको अवस्था निक्कै दयनीय छ । यसै सन्दर्भमा नेपालमा पिछडिउका जिल्ला मध्येको एक डोल्पा जिल्लाको सन्दर्भमा यो अध्ययनको क्षेत्र छनोट गरिएको छ । यसका अलावा शोधकर्ता स्वयम् नेपाल सरकारको अधिकृत कर्मचारीको रुपमा कार्यरत भएकाले अध्ययनको सुविधाको दृष्टिकोणले समेत यो क्षेत्र छनोट गरिएको छ ।

मुलतः यस अध्ययनमा डोल्पा जिल्लाको स्थानीय तहमा महिलाको सहभागितालाई प्रष्ट्याउने प्रयास भएको छ । स्थानीय तहको संचालनमा उनीहरुको अवस्थाको विवरण दिनुपर्ने र उक्त सहभागिताका विभिन्न कारण र परिस्थितिको विश्लेषण गर्नुपर्न भएकाले प्रस्तुत अध्ययन मूलतः विवरणात्मक र विश्लेषणात्मक ढाँचामा तयार गरिएको छ ।

प्रस्तुत अध्ययनको क्रममा आवश्यक तथ्याङ्कहरु प्राथमिक र द्वितीय दुवै स्रोतबाट संकलन गरिएका छन् । अध्ययनको प्राथमिक स्रोतको रुपमा डोल्पा जिल्लाको स्थानीय तहमा महिला सहभागिता सम्बन्धी तथ्याङ्क एवं सम्बद्ध विभिन्न व्यक्तिसँगको कुराकानीलाई लिइएको छ । शोध सम्बद्ध आधारभूत तथ्याङ्कहरु प्राथमिक स्रोतबाटै संकलन गरिएको छ । साथै विषय सम्बद्ध पुस्तक, लेख, दलका मुखपत्र र दस्तावेजहरु, यस क्षेत्रमा भएका शोध जस्ता तथ्याङ्कहरु अध्ययनको द्वितीय स्रोतको रुपमा रहेका छन् । साथै शोधमा विभिन्न तालिकाहरु प्रयोग गरी विषयवस्तुलाई प्रष्ट्याउने प्रयास गरिएको छ । यस हिसाबबाट शोधको प्रकृति मात्रात्मक र गुणात्मक दुवै रहेको छ ।

अध्ययनको क्रममा प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरुलाई व्यवस्थित रुपमा आवश्यकता अनुसार तालिका र विषयवस्तु प्रस्तुत गरी

विषयवस्तुको विश्लेषण गरिएको छ । यस क्रममा विषयवस्तुलाई विभिन्न शीर्षक तथा उपशीर्षकमा विभाजन गरी प्रस्तुत शोध तयार पारिएको छ ।

नेपालमा प्रजातन्त्र स्थापनाका लागि भएका आन्दोलनहरूमा महिलाको उपस्थिति, योगदान भएकै कारण त्यस्ता आन्दोलनहरू सफल भएको भए तापनि सो पश्चात् नेपाली महिलाहरू पुरुषको तुलनामा राजनीतिमा सक्रिय रूपमा आउन सकेका छैनन् । यसका पछाडि धेरै कारणहरू विद्यमान भएको पाइयो । जसमा पहिलो कारण महिलाहरूका हक हितका निम्ति जे जस्ता कानुनहरू आए तापनि महिलाहरूप्रति हेर्ने दृष्टिकोण परम्परावादी नै भयो । अहिले पनि घरधन्दा महिलाहरूले नै गर्नुपर्ने महिलाहरू घरबाट बाहिर निस्कन नहुने, कहीँ गए रात बिताउन नहुने जस्ता संकुचित सोचले महिलाहरूमा वृद्धि विवेक र क्षमता भए तापनि त्यसको उचित मूल्याङ्कन हुन नसकेको देखिन्छ । जसको कारण राजनीतिमा महिलाहरूको सहभागितामा कमी हुने गर्दछ । यसलाई प्रमुख कारणका रूपमा लिन सकिन्छ । त्यस्तै महिलाहरूले राजनीतिमा सहभागिता कमी हुनुको अर्को कारण आर्थिक समस्या पनि एक हो । सामाजिक  तथा सांस्कृतिक कारणबाट पनि महिलाहरू राजनीतिमा सहभागी हुन सकेका छैनन् । समाजमा रहेका परम्परागत मान्यता प्रचलन तथा संस्कारका कारण महिलाहरूको शिक्षामा पहुँच पुग्ने सकेको छैन । समाजमा छोरा र छोरीलाई हेर्ने दृष्टिकोण कै कारण शिक्षामा अझै पनि महिलाहरूको पहुँच कम छ । छोरीहरू अर्काको घरमा जाने हुनाले अभिभावकहरू छोरीलाई शिक्षामा लागनी गर्न चाहदैनन् । अझै पनि देशका विभिन्न क्षेत्रहरूमा बस्ने महिलाहरू शिक्षित हुन नसकेकोले र अशिक्षित भएका कारणले पनि महिलाहरू राजनीतिमा आउन सकेका छैनन् । महिलाहरूलाई राजनीतिमा सक्रिय सहभागी हुनको लागि धार्मिक कारणले पनि यदाकता अवरोध पुऱ्याएको पाइन्छ । महिलाहरू घरबाहिर निस्कन नहुने, अझै मुस्लिम समुदायमा बुर्का लगाएर हिड्नु पर्ने, रजस्वला भएका बखत, छोरा मान्छे तथा पानी समेत छुन नहुने आदि कारणहरूले पनि महिलाहरूको राजनीतिमा सहभागी कम देखिएको छ । यही समग्र प्रभाव डोल्पा जिल्लाको राजनीतिक परिवेश र महिला सहभागितामा पनि देखिएको छ ।

यस्ता विविध कारणहरूले नेपाली महिलाहरू पुरुषको तुलनामा राजनीतिमा आउन सकेका छैन । यसरी महिलाहरूको राजनीतिमा सहभागिता कम भएका कारणले महिला हक हितका निम्ति कामहरू न्यून भएका छन् र नेपाली महिलाहरूलाई राजनीतिमा पनि पुरुष सरह नै सहभागी बनाउनु पर्ने आवश्यकता देखिन्छ ।

# विषय सूची

| | पृष्ठ |
|---|---|
| **शोध निर्देशकको सिफारिस** | **ii** |
| **स्वीकृति पत्र** | **iii** |
| **कृतज्ञता ज्ञापन** | **iv** |
| **शोधसार** | **v** |
| **विषयसूची** | **viii** |
| **तालिका सूची** | **xi** |
| **सङ्क्षेपीकृत शब्द सूची** | **xii** |
| **परिच्छेद एक : शोध परिचय** | **१-१३** |
| १.१ विषय परिचय | १ |
| १.२ समस्याकथन | २ |
| १.३ शोधको उद्देश्य | ३ |
| १.४ शोध विधि | ३ |
| १.४.१ अध्ययन क्षेत्र छनोटको औचित्य | ३ |
| १.४.२ अध्ययनको ढाँचा | ४ |
| १.४.३ तथ्याङ्कको स्रोत र प्रकृति | ४ |
| १.४.३ तथ्याङ्क सङ्कलन विधि | ४ |
| १.४.५ तथ्याङ्कको प्रस्तुती र विश्लेषण | ५ |
| १.५ पूर्वकार्यको समीक्षा | ६ |
| १.६ शोधको सीमा | ११ |
| १.७ शोधको औचित्य र महत्त्व | १२ |
| १.८ शोधको संरचना | १२ |
| **परिच्छेद दुई : सैद्धान्तिक अवधारणा** | **१४-३०** |
| २.१ परिचय | १४ |
| २.२ अर्थ र परिभाषा | १६ |
| २.३ राजनीतिक सहभागिताको अवधारणा र विकास | १७ |
| २.४ राजनीतिक सहभागिता | २० |

२.५ राजनीतिक सहभागितामा प्रभाव २१
२.६ राजनीतिक सहभागिताको महत्त्व २१
२.७ राजनीतिक सहभागिताका विभिन्न रूपहरू २२
२.८ विश्व राजनीतिमा महिला सहभागिता २४
२.९ नेपालमा निर्वाचनगत महिला सहभागिता २७
२.१० नेपालमा निर्वाचनगत महिला सहभागिता ३०

**परिच्छेद तीन : नेपालको राजनीतिमा महिला सहभागिता ३१-४७**
३.१ राजनैतिक स्थिति ३१
३.२ नेपालमा महिला आन्दोलन ३२
३.३ राजनैतिक पार्टीहरूमा महिलाको स्थान ३७
३.४ आम निर्वाचन तथा स्थानीय निर्वाचनमा महिला सहभागिता ३८
३.४.१ संसदीय निर्वाचन २०४८ मा महिला प्रतिनिधित्व ३९
३.४.२ मध्यावधि निर्वाचन २०५१ मा महिला प्रतिनिधि ३९
३.४.३ स्थानीय निर्वाचन २०४९ मा महिला प्रतिनिधित्व ४०
३.४.४ स्थानीय निर्वाचन २०५४ मा महिला प्रतिनिधित्व ४१
३.४.५ आम निर्वाचन २०५६ मा महिला प्रतिनिधित्व ४१
३.४.६ संविधान सभा निर्वाचन २०६४ मा महिलाको स्थान ४३

**परिच्छेद चार : डोल्पा जिल्लाका महिला सहभागिताको अवस्था ४८-५७**
४.१ डोल्पा जिल्लाको परिचय ४८
४.२ काइके गाउँपालिकाका महिला प्रतिनिधिहरू ४९
४.३ छार्का ताङसोङ गाउँपालिकाका महिला प्रतिनिधिहरू ५०
४.४ जगदुल्ला गाउँपालिकाका महिला प्रतिनिधिहरू ५१
४.५ ठुलीभेरी न.पा.का महिला प्रतिनिधिहरू ५२
४.६ डोल्पो बुद्ध गाउँपालिकाका महिला प्रतिनिधिहरू ५३
४.७ त्रिपुरासुन्दरी न.पा.का महिला प्रतिनिधिहरू ५४
४.८ मुड्केचुला गाउँपालिकाका महिला प्रतिनिधिहरू ५५
४.९ शे-फोक्सुण्डो गाउँपालिकाका महिला प्रतिनिधिहरू ५६

**परिच्छेद पाँच : महिला सहभागिता न्यून हुनाका कारण र समाधानका उपायहरु** **५८-६६**

५.१ राजनीतिमा महिला सहभागिता न्यून हुनाका कारणहरू ५८

५.१.१ आर्थिक कारण ५९

५.१.२ सामाजिक/सांस्कृतिक कारण ५९

५.१.३ शैक्षिक कारण ६१

५.१.४ धार्मिक कारण ६१

५.२ डोल्पामा महिला सहभागिताको प्रभाव ६३

५.३ सहभागितामा देखापरेका चुनौतिका समाधानका उपायहरु ६३

**परिच्छेद छ : सारांश र निष्कर्ष** **६७-७०**

६.१ सारांश ६७

६.२ निष्कर्ष ६८

**सन्दर्भ सामग्री सूची** **७१-७४**

**परिशिष्टहरु** **७५-८४**

**परिशिष्ट 'क'**

**अन्तरवार्तामा संलग्न महानुभावहरुको नामावली तथा प्राप्त विचारहरु** ७५

**परिशिष्ट 'ख'**

**डोल्पा जिल्लाको नक्सा** ८४

# तालिका सूची


| तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | २०४८ सालको प्रतिनिधि सभाको लागि महिला उम्मेदवारी संख्या | ३९ |
| २ | मध्यावधि निर्वाचन २०५१ का लागि महिला उम्मेदवार संख्या | ४० |
| ३ | २०५६ सालको आम निर्वाचनमा महिला उम्मेदवारको संख्या | ४२ |
| ४ | संविधान सभा निर्वाचन २०६४ मा महिला उम्मेदवारहरू | ४४ |
| ५ | संविधान सभा निर्वाचन २०६४ (समानुपातिक तर्फ) विजयी महिला सभासदहरू | ४५ |
| ६ | काइके गाउँपालिकाका महिला प्रतिनिधिहरू | ४९ |
| ७ | छार्का ताङसोङ गाउँपालिकाका महिला प्रतिनिधिहरू | ५० |
| ८ | जगदुल्ला गाउँपालिकाका महिला प्रतिनिधिहरू | ५१ |
| ९ | ठुलीभेरी न.पा.का महिला प्रतिनिधिहरू | ५२ |
| १० | डोल्पो बुद्ध गाउँपालिकाका महिला प्रतिनिधिहरू | ५३ |
| ११ | त्रिपुरासुन्दरी न.पा.का महिला प्रतिनिधिहरू | ५४ |
| १२ | मुड्केचुला गाउँपालिकाका महिला प्रतिनिधिहरू | ५५ |
| १३ | शे-फोक्सुण्डो गाउँपालिकाका महिला प्रतिनिधिहरू | ५६ |

# संक्षेपीकृत शब्द सूची

| | | |
|---|---|---|
| गा.पा. | : | गाउँपालिका |
| न.पा. | : | नगरपालिका |
| म.स. | : | महिला सदस्य |
| द.म.स. | : | दलित महिला सदस्य |
| ने.क.पा. | : | नेपाल कम्युनिष्ट पार्टी |
| ने.म.कि.पा. | : | नेपाल मजदुर पार्टी |
| रा.प्र.पा. | : | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| म. | : | महिला |
| मा.के. | : | माओवादी केन्द्र |
| वि.क. | : | विश्वकर्मा |
| त.म.लो.पा. | : | तराई मधेश लोकतान्त्रिक पार्टी |